**प्रेस विज्ञप्ति ३**
**कार्तिक ९, २०७५**

**फोटो काठमाडौं २०१८**
**असोज २६ देखि कार्तिक ३०, २०७५**

PHOTO KATHMANDU
THIRD EDITION

****तत्काल सम्प्रेषणका लागि****

**फोटो काठमाडौं २०१८ उत्कृष्टता पुरस्कार डा. शहिदुल आलमलाई प्रदान गरिँदै**

नेपालमा फोटोग्राफी तथा पत्रकारिताको विकासतर्फ उनको महत्वपूर्ण योगदानको कदर गर्दै डा. शहिदुल आलमलाई यस वर्षको **फोटो काठमाडौं उत्कृष्टता पुरस्कार**ले सम्मानित पाएकोमा फोटो काठमाडौं आफूलाई गौरवान्वित ठान्दछ ।

बंगलादेशका डा. शहिदुल आलम एक अग्रणी फोटोग्राफर, लेखक, प्रबन्धक, शिक्षणकर्मी तथा अभियन्ता हुन् । उनी ड्रिक पिक्चर लाइब्रेरी, पाठशाला साउथ एसियन मिडिया इन्स्टिच्युट, छोवी मेला अन्तर्राष्ट्रिय फोटोग्राफी महोत्सव तथा मेजोरिटी वर्ल्ड आदि अभूतपूर्व बंगलादेशी संस्थाहरूका संस्थापक पनि हुन्।

डा. आलम सत्य, न्याय तथा सामाजिक समताका उच्चतम आदर्शका प्रतीक हुन् । दुइ दशकभन्दा अघिदेखि नेपालका फोटोग्राफी तथा पत्रकारितासँग आबद्ध संस्था तथा व्यक्तिहरुले उनीसँग काम गर्ने तथा उनीबाट सिक्ने मौका पाउँदै आएका छन् । उनले नेपालमा थुप्रै व्यक्तिकालागि अनन्य मित्र, सहकर्मी तथा संरक्षकको रूपमा काम गर्दै व्यवसायिक विकासका अवसरसम्म पहुँच निर्माण तथा अन्तर्राष्ट्रिय आदानप्रदानको सूत्रपात गर्दै सधैं अभिव्यक्तिको स्वतन्त्रताकालागि आवाज उठाएका छन् । उनको दूरदर्शी नेतृत्वले नेपाल, दक्षिण एसिया तथा विश्वभरिमै फोटोग्राफी, संचारमाध्यम तथा सांस्कृतिक अभ्यासको विकासलाई आकार दिन सघाएको छ ।

डा. आलमलाई साउन २०, २०७५ मा बंगलादेशी प्रहरीको अनुसन्धान विभागले गिरफ्तार गरेको छ । उनलाई सूचना संचार प्रविधि ऐनको सफा ५७ अन्तर्गत मुद्दा हालिएको छ । उनीमाथि फेसबुक लाइभमा एक भिडियोमार्फत 'मिथ्या, भ्रामक तथा उत्तेजक वक्तव्य फैलाएर राज्यमा विधि तथा व्यवस्था कम्जोर बनाएको, राज्यको छविमा हानी पुर्याएको तथा युवा विद्यार्थीहरूको संवेदनामा ठेस पुर्याउँदै उनीहरूलाई सामाजिक अस्थिरता सिर्जना गर्न तथा ध्वंसात्मक गतिविधिमा संलग्न हुन उक्साएको' आरोप लगाइएको छ।

आज डा. शहिदुल आलमको गिरफ्तारीको ८२ औं दिन हो । उनको जमानतकालागि सुनुवाई पटकपटक सारिएको थियो । आउँदो सुनुवाई यहि आइतवार २०७५ साल कार्तिक ११ गतेकोलागि तोकिएको छ ।

यस वर्षको फोटो काठमाडौं उत्कृष्टता पुरस्कार डा. शहिदुल आलमलाई प्रदान गर्ने निर्णय फोटो काठमाडौं २०१८ निर्णायक समितिले सर्वसम्मति सहित गरेको थियो । उक्त समितिमा वरिष्ठ नेपाली फोटोपत्रकार विकास रौनियार, नेपाल फोटोपत्रकार क्लबका अध्यक्ष्य तथा अन्नपूर्ण पोस्टका फोटो सम्पादक विकास कार्की तथा नेपाल फोटोपत्रकार मन्चका अध्यक्ष्य सगर श्रेष्ठ सामेल थिए ।

फोटोसर्कलले आयोजना गर्ने फोटो काठमाडौं एक अन्तर्राष्ट्रिय फोटो महित्सव हो । यसले प्रत्येक २ वर्षमा काठमाडौंका तथा आगन्तुक दर्शकहरूसामु विविध सार्वजनिक कार्यक्रमहरू तथा प्रदर्शनी, कार्यशाला र आवासीय कलाकार कार्यक्रम आदि प्रस्तुत गर्छ। यसको मूख्य तथा समानान्तर कार्यतालिकाले स्थानीय दर्शकहरू तथा

विशेष सरोकारवाला समूहहरूसँग स्थानीयरूपमा महत्व राख्ने सामाजिक तथा राजनीतिक विषयमा गहन अन्तर्क्रिया निर्माण गर्छ।

थप जानकारीका लागि सम्पर्क गर्नुहोला:
सुश्रुत आचार्य – press@photoktm.com

नियमित जानकारीका लागि
www.photoktm.com
www.facebook.com/photoktm
www.instagram.com/photoktm
www.twitter.com/photoktm
www.youtube.com/c/PhotoKathmanduNepal
#photoktm2018